स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला हलहरु प्रदर्शनरत चार नेपाली फिल्मको आधिकारिक बक्स अफिस तथ्यांक सार्वजनिक भएको छ। सोमबार चलचित्र विकास बोर्डले 'जेरी अन टप', 'परान', 'जारी २' र 'मन बिनाको धन'को कमाइ विवरण सार्वजनिक गरेको हो। जसमा सबैभन्दा धेरै कमाइ 'जेरी अन टप'को देखिन्छ। यसले ३० दिनमा १२ करोड ७ लाखभन्दा माथिको ग्रस व्यापार गरेको छ।

आजको विचार...



कम...
(दुई पेजमा)

पुरुषोत्तम ओझा

अभिनेत्री बेनिशा हमाल कार्यकारी निर्माता रहेको फिल्म 'द ब्लू लाइट'को प्रदर्शन मिति झन्डै एक महिना पछाडि सरेको छ। मंसिर १२ गते प्रदर्शन हुने भनिएको यो फिल्म अब आगामी पुष १० गतेबाट प्रदर्शनमा आउनेछ। नयाँ प्रदर्शन मिति घोषणा गरेको हो। फिल्मको सार्वजनिक पोस्टरमा महेश त्रिपाठी, अर्पण थापा, बेनिशा हमाल, देशराज जोशीलाई प्रस्तुत गरिएको छ।



❒ वर्ष ३१ अंक १११ ❒ २०८२ मंसिर २ गते मंगलबार 18 November 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पूर्वप्रधानमन्त्री शेखलाई मृत्युदण्डको सजाय

**काठमाडौं,** मंसिर १/बङ्गलादेशको एक विशेष अदालतले अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाएको छ । 'मानवता विरुद्धका अपराध' गरेको ठहर गर्दै अदालते उनलाई मृत्यु दण्डको सजाय सुनाएको हो । सन् २०२४ को जुलाई-अगस्ट विद्यार्थी विद्रोहका क्रममा आदेश, उक्साहट र नियन्त्रण असफलताले देशव्यापी हिंसा चर्किएको निष्कर्ष निकालिएको छ । अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण-१ (आइसिटी-१) ले सोमबार सुनाएको ऐतिहासिक फैसलामा हसिनासहित तीन जना शीर्ष राजनीतिक तथा सुरक्षा नेतृत्वलाई दोषी ठहर गरिएको त्यहाँका सञ्चारमाध्यमहरूले जनाएका छन् । अदालतले हसिना, पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुन र पूर्व गृहमन्त्री असदुज्जमान खान कमलले विद्यार्थी आन्दोलन दमनका लागि अत्याचारको योजना बनाएको र सक्षम पारेको ठहर गरेको हो । ७८ वर्षीया शेख हसिना हाल भारतमा निर्वासनमा रहेकी छन् । उनको अनुपस्थितिमै मुद्दा चलाइएको थियो । सन् २०२४ अगस्ट ५ मा ढाकाको चन्खरपुल क्षेत्रमा प्रहरीले गोली चलाउँदा छ विद्यार्थीको मृत्यु भएको र त्यसको प्रत्यक्ष जिम्मेवारी शीर्ष नेतृत्वमाथि परेको अदालतको निष्कर्ष छ । त्यही दिन आशुलियामा पनि छ जनालाई गोली हानेर पाँच जनाको शव जलाइएको र एक जनालाई जीवितै जलाइएको आरोप कागजातमा उल्लेख छ ।

# पाल्पामा कोदो खेती हराउँदै

***कोदो हुने बारीमा अहिले फलफूल लगाउने गरिएको छ । परम्परागत शैलीमा स्थानीय जातको विउ प्रयोग गरी मकैमा घुसुवा बालीका रुपमा लगाइने कोदो प्राय: जसो जिल्लाका सबै गाउँ वस्तीमा हुन्थ्यो तर आजभोली सबै हराए ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १/परम्परागत शैलीमा स्थानीय जातको बीउ प्रयोग गरी मकैमा घुसुवा बालीका रूपमा लगाइने कोदो प्राय:जसो जिल्लाका सबै गाउँबस्तीमा हुन्थ्यो तर, आजभोलि सबै हराउँदै गएको छ । काम गर्ने जनशक्ति नहुनु, खेताला खोजेर काम लगाए पनि धानको जस्तो मूल्य कोदोले नपाउँदा कोदो हराउँदै जान थालेको हो ।

कोदो खेतीमा धेरै मेहनत र लगानीको आवश्यकता भएका कारणले धेरै किसानले कोदो खेती छाड्दै गएको पाइन्छ । यहाँका कृषकहरू कोदो छोडेर अहिले नगदेबाली खुर्सानी, आलु, अदुवा, बेसार र तरकारी खेतीतर्फ आकर्षित भएका छन् । जसले गर्दा कोदो जस्ता परम्परागत बाली लोप हुँदै गएका हुन् । एक दशक अघि साउन-भदौमा कोदो रोप्ने काम धमाधम हुन्थ्यो । बगनासकाली गाउँपालिकाकी नरायणी गाहाले भनिन् , "अर्मपर्म गर्दै एक डेढ महिनासम्म गाउँभरि कोदो रोपिन्थ्यो । आजकाल त कोदो रोप्न छाडियो ।" कोदोबाट भन्दा अदुवा, बेसार, अकबरे, आलु लगायतका कृषि उपजबाट राम्रो आम्दानी हुने भएपछि कोदो खेती छोड्दै गएको



उनको भनाई छ । "कसै-कसैले घरमा जाँड बनाउन, पूजा गर्न भनेर अलिअलि लगाए पनि बिक्री गर्ने उद्देश्यले खेती हुन छोडेको छ" गाहाले भनिन्, "पैले-पैले हाम्रै गाउँभरि कोदो हुन्थ्यो । अहिले बारीमा कतै अदुवा, कतै बेसार, अलैंची भरिएको छ । कोदोबाट नगद आम्दानी छैन । बरु अकबरेको व्यावसायिक खेती गर्छौं, तर कोदो लगाउँदैनौं ।" रिब्दीकोट गाउँपालिका सिरुखर्काकी शर्मीला थापाको बारीमा झण्डै तीन मुरी कोदो फल्थ्यो । काम गर्ने समस्या भएपछि पछिल्ला वर्षमा कोदो लगाउन उनले पनि छोडेकी छन् ।कोदो हुने बारीमा अहिले फलफूल लगाउने गरिएको छ । परम्परागत शैलीमा स्थानीय जातको विउ प्रयोग गरी मकैमा घुसुवा बालीका रुपमा लगाइने कोदो प्राय: जसो जिल्लाका सबै गाउँ वस्तीमा हुन्थ्यो तर आजभोली सबै हराए । उनले कोदो खेती गर्दै आएको जग्गा बनमारा र बोकेझारले भरिएको छ । छोराहरू जागिरको सिलसिलामा सहरमा भएकाले घरमा काम गर्ने मान्छे नभएको थापाले बताइन् । बगनासकाली गाउँपालिका खानेगाउँका दीपक पचाभैया पनि धेरै कोदो उत्पादन गर्ने किसान हुन् । तर उनले पनि पछिल्लो वर्षमा लगाउन छाडेका छन । केही वर्षअघिसम्म पनि बगनासकाली, रैनादेवी छहरा, रिब्दीकोट माथागढी, निस्दी, पूर्वखोला, रम्भा, तिनाउ लगायत जिल्लाका अन्य किसानहरुको मुख्य बाली कोदो थियो । युवाहरु विदेश र शहरतिर, गाउँमा बूढाबूढी र केटाकेटी मात्र हुँदा पनि खेती गर्नेको सङ्ख्या हरेक वर्ष घट्दो छ ।

*-बाँकी अन्तिम पेजमा...*

## लुम्बिनीमा सभामुख घर्तीले हटाए सचिवालय



**पाल्पा,** मंसिर १/लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले आफ्नो ५ सदस्यीय स्वकीय सचिवालय हटाएका छन् । उनले सचिवालयमा रहेका उपसचिव स्तरको स्वकीय सचिव, अधिकृत स्तरको सहायक स्वकीय सचिव, प्रेस संयोजक, कार्यालय सहयोगी र चालक गरी ५ जनालाई मंसिर १ गतेदेखि लागु हुने गरी हटाएका हुन् ।

सभामुख घर्ती मगरले आइतबार एक सूचना जारी गर्दै प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को दफा ८ को उपदफा (१) अनुसार प्रदान हुँदै आएको स्वकीय सचिवालय तथा निजी कर्मचारी सुविधा विशेष परिस्थिति र वर्तमान अवस्थामा आवश्यकतालाई मध्यनजर गर्दै अर्को निर्णय नहुँदासम्मका लागि स्थगित गरिएको उल्लेख गरेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## व्यावसायिक मौरीपालन किसानको संख्या पाँच सय बढी

**घोराही (दाङ),** मंसिर १/जिल्लामा व्यावसायिक रूपमा मौरीपालन गर्ने किसानको संख्या बढ्दै गएको छ । यहाँको हावापानी राम्रो भएकाले यसमा आबद्ध हुने किसानको संख्या बढ्दै गएको हो । घोराही उपमहानगरपालिका-१८ सुपैला खुटीका श्रीधन घर्ती मौरीको स्याहारमा व्यस्त छन् । उनले यो काम गर्न थालेको १७ वर्ष पुगिसक्यो । उनले भने, " सात वर्ष वैदेशिक रोजगारमा गएर फर्केपछि मौरीपालन व्यवसाय गर्न थालेको हुँ ।

यसमा घरपरिवारको पनि साथ र सहयोग छ ।" उमेरले ५८ वर्ष पुगेका घर्तीले घोराही उपमहानगरपालिका-१३ स्थित डुम्बरगाउँमा व्यावसायिक रूपमा मौरीपालन व्यवसाय गर्दै आएका छन् । अहिले घर्तीको मौरीफार्ममा एक सय ५० मौरीसहितका घार छन् । उनले यस व्यवसायबाट राम्रो आम्दानी पनि गर्दै आएका छन् । उनले वर्षमा



सात टन मह उत्पादन गर्दै आएको बताए । "परिवारको पनि सहयोग छ, आफैँले मौरीपालनका लागि केही ज्ञान लिएपछि व्यावसायिक रूपमा मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मह बिक्रीका लागि बजार पुग्न पर्दैन, धेरै जसोले घरबाटै लग्ने गरेका छन्", किसान घर्तीले भने, "वैदेशिक रोजगारबाट फर्किएपछि यहीँ व्यवसाय सुरु गरेको हुँ, धेरै लगानी पनि नलाग्ने र आम्दानी पनि राम्रो लिन सकिन्छ, आगामी दिनमा पनि मौरीपालन व्यवसायलाई निरन्तरता दिँदै जाने सोच छ ।" मौरीपालन व्यवसायबाट वार्षिक १६ लाखको कारोबार गरिरहेका घर्तीले सात लाख बचत गर्ने गरेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# पहिले निर्वाचन हैन, सुरक्षाको ग्यारेन्टी गर

वर्तमान सरकारले फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी तयारीलाई अगाडि बढाएको छ । जेनजी आन्दोलनबाट आएको सुशिला कार्की नेतृत्वको सरकारले ६ महिनाभित्र निर्वाचन गराउने गरी काम थाले पनि आमनागरिक विश्वस्त हुन सकेका छैनन् । जेनजी आन्दोलनबाट त्रसित जनता अझै पनि सुरक्षाको प्रत्याभूति गर्न सकेका छैनन् । २४ भदौमा देशले भोगेको विध्वंसले आमनेपालीको मनमा डर कायमै छ । त्यो दिन प्रहरी, प्रशासन, व्यवसायी र सर्वसाधारणले भोगेको प्रहारले उनीहरूको मनोबल आजसम्म पूर्णरूपमा उठ्न सकेको छैन । सरकारी कार्यालयहरूमा कामको गति सुस्त छ । सुरक्षा संयन्त्र आन्तरिकरूपमै पुनर्संरचना र मनोबल उकास्ने चुनौतीसँग जुधिरहेको छ । यस्तो अवस्थामा मुलुकमा सुरक्षा व्यवस्थालाई बलियो नबनाई निर्वाचनमा जानसक्ने अवस्था छैन् ।

जेनजी पुस्ताको परिवर्तनको आकांक्षालाई रूपान्तरण गर्न सक्ने अवस्था नबनाई निर्वाचनमा गए त्यसले मुलुकको हित गर्ने देखिदैन । अहिलेको अवस्थामा सरकारले सुरक्षाको प्रत्याभूति सुदृढ बनाउने कामलाई बढी जोड दिनुपर्ने आवश्यकता देखिन्छ । निर्वाचनमा जानुपर्छ । तर निर्वाचनमा जानु अघि आमनागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ । भन्ने बित्तिकै पुलिस आएर सुरक्षा गर्छ भन्ने आत्मविश्वास नागरिकमा हुनुपर्छ । तर अहिलेसम्म त्यो देखिदैन । सबैभन्दा ठूलो सुरक्षा खतरा भनेकै २४ भदौमा जेल तोडेर भागेका झन्डै पाँच हजार कैदी अझै खुलेआम समाजमै हिंडिरहनु हो । लुटिएका सयौं हतियार अझै फिर्ता नआएको अवस्थाले त झनै भयावह परिस्थिति निर्माण गरेको छ । कुनै पनि क्षण ती हतियार आपराधिक घटनामा प्रयोग हुन सक्ने जोखिम स्पष्ट देखिन्छ । यसले आमनागरिकको मनमा असुरक्षाको भावना मात्र होइन, आगामी निर्वाचनमाथि नै शंका उत्पन्न गराएको छ । यस्तो अवस्थामा निर्वाचन भइहाले पनि नागरिक मतदानमा सरिक हुन सक्ने सम्भावना अत्यन्त न्यून रहन्छ । तसर्थ सरकारले निर्वाचन गराउनु अघि आमनागरिकलाई सुरक्षाको प्रत्याभूति दिएर मात्र निर्वाचनमा जान उपयुक्त हुन्छ । यसतर्फ सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

एक परिचयले हजारौं साथी बनाइदिन्छ एक मुस्कानले हजारौं पिडा लुकाइदिन्छ
जिन्दगिको बाटो हिंड्दा समालेर हिंड्नु पर्छ
नत्र एक गल्तीले हजारौ सपना जलाईदिन्छ ।

*(कृष्ण गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कम विकसित अवस्थाबाट स्तरोन्नति : भ्रम, चुनौती र यथार्थ



**पुरुषोत्तम ओझा**

विश्वभर छरिएर रहेका मुलुकहरूको अवस्था एकैनासको छैन । केही मुलुकहरू आर्थिक रूपमा सम्पन्न छन् भने अधिकांश मुलुक विकासोन्मुख वा कम विकसित अवस्थामा रहेका छन् । आर्थिक, सामाजिक विकास र चेतनाको स्तरमा पनि भिन्नता रहेको छ । नयाँ र आधुनिक प्रविधिको उपयोगका हिसाबले पनि मुलुक-मुलुक बीचको विभेद फराकिलो बन्दै गएको छ । पछिल्लो दुई दशकयता सूचनाप्रविधिको क्षेत्रमा आएको महत्त्वपूर्ण परिवर्तनलाई आत्मसात् गरी एकाथरी मुलुकले सो प्रविधिको महत्तम उपयोगबाट फाइदा लिइरहेका छन् भने अर्कोतिर प्रविधिको उपयोगमा पछाडि परेका मुलुक वा समुदाय रहेका छन् । यस प्रकारको खाडलका कारण जनताको आर्थिक उपार्जन र सामाजिक जीवनमा धेरै विभेद देखिने गरेको छ। विश्वमा हुने अशान्ति, विग्रह र द्वन्द्वको एउटा प्रमुख कारण गरिबी, अशिक्षा र आर्थिक असमानता पनि हो भन्नुमा अत्युक्ति हुनेछैन । मुलुकहरू बीचको यही असमानतालाई कम गर्नका लागि अन्तर्राष्ट्रिय विकास तथा वित्तीय संस्था र सम्पन्न मुलुकबाट निर्धन मुलुकमा आर्थिक तथा प्राविधिक सहयोगलाई विस्तारित गर्ने उद्देश्यका साथ संयुक्त राष्ट्रसैको महासभाले सन् १९७१ नोभेम्बरमा आर्थिक तथा सामाजिक विकासका सूचकहरूको आधारमा मुलुकहरूको वर्गीकरण गरी कम विकसित मुलुकहरूको समूह खडा गरेको थियो । यस प्रकारको वर्गीकरण मूलत: प्रतिव्यक्ति आय, आयको समानुपातिक वितरण प्रबन्ध, शिक्षा र स्वास्थ्य सेवाको स्तर, त्यसमा आम जनताको पहुँच र रोजगारीको अवस्था र आर्थिक नाजुकता (पछिबाट वातावरणीय नाजुकता पनि थपियो) जस्ता आधारभूत विषयहरूलाई आधार मानिएको थियो । नेपाल पनि यही आधारमा कम विकसित मुलुकको सूचीमा समावेश भएको हो । कम विकसित मुलुकलाई योजनाबद्ध ढङ्गमा वैदेशिक सहायता उपलब्ध गराउने, विश्व व्यापार र आर्थिक प्रणालीमा आबद्धता बढाउने लगायत त्यस्ता मुलुकले भोगिरहेका संरचनागत समस्यालाई समाधान गर्ने मूल उद्देश्यले संयुक्त राष्ट्रसैले प्रत्येक दश वर्षमा अन्तर्राष्ट्रिय स्तरमा बृहत् छलफलको आयोजना गरी आएको छ । सन् १९७१ मा २५ वटा मुलुकहरू कम विकसितको रूपमा दर्ज भए तापनि सो सङ्ख्या बढ्दै गएर सन् १९९१ मा ५२ पुगेको थियो । यस अनुसार हालसम्म पाँच वटा सम्मेलन सम्पन्न भएका छन् । पहिलो र दोस्रो सम्मेलन क्रमश: १९८१ र १९९१ मा पेरिसमा, तेस्रो सन् २००१ मा ब्रसेल्समा, चौथो २०११ मा इस्तानबुलमा, र पाँचौं सन् २०२२ मा दोहामा सम्पन्न भएका थिए । यी सम्मेलनले कम विकसित मुलुकसँग सरोकार भएका विषयमा दशवर्षे कार्य दिशा र योजना तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्ने गरेको पाइन्छ । दोहामा सम्पन्न पछिल्लो सम्मेलनले मूलत: ६ वटा विषयलाई लक्षित गरेको छ । यसमा प्रथमत: मानव साधनको विकासमा ध्यान पुर्‍याउने र गरिबी निर्मूल गर्ने, दोस्रो, बहुआयामिक रूपमा रहेको अन्योलको स्थितिलाई चिर्न विज्ञान तथा प्रविधिको उपयोग बढाउने, तेस्रो, समुन्नतिको वाहकको रूपमा संरचनागत सुधारलाई सहयोग पुर्‍याउने, चौथो, अन्तर्राष्ट्रिय व्यापारमा सहभागिता तथा क्षेत्रीय आर्थिक एकीकरण बढाउने, पाँचौं, वातावरणीय सुधार, जलवायु परिवर्तनसँग सम्बन्धित समस्याको समाधान, र छैटौंमा दिगो र भरपर्दो स्तरोन्नतिको लागि वैश्विक एकता र सहभागितामा वृद्धि र सहयोगको परिचालन गर्ने भन्ने विषय समावेश गरिएका छन् । कम विकसित मुलुक सधैं अविकासको अवस्थामा रहने परिकल्पना गर्न सकिन्न। मुलुकको आफ्नै प्रयास र बाह्य सहायता समेतको परिचालनद्वारा मुलुकहरू सम्पन्नताको सिंढी उक्लने हुन्छन् । शुरुको बखत अर्थात् सन् १९७१ मा २५ वटा मुलुकहरू कम विकसितको रूपमा दर्ज भए तापनि सो सङ्ख्या बढ्दै गएर सन् १९९१ मा ५२ पुगेको थियो । यसमध्ये हालसम्म आठ वटा मुलुकहरू मात्र स्तरोन्नति हुनसकेका छन् । यसमा दक्षिणएशियाका माल्दिभ्स र भुटान छन् भने बाँकी अफ्रिका र ओसेनियाका मुलुकहरू छन् । आगामी वर्ष सन् २०२६ मा स्तरोन्नति हुने मुलुकको सूचीमा एशियाली मुलुक नेपाल, बाङ्लादेश, र लाओस रहेका छन् । कम विकसित मुलुकबाट स्तरोन्नतिका लागि संयुक्त राष्ट्रसै आर्थिक तथा सामाजिक परिषद्ले तीन वटा सूचक निर्धारण गरेको र त्यसमध्ये पनि कुनै दुईवटा सूचकमा तीन वर्षको अन्तरालमा गरिने लगातार दुई वटा मूल्याङ्कनमा सूचकको न्यूनतम आधार पार गरेको खण्डमा स्तरोन्नतिको लागि योग्य मानिने मानक राखिएको छ । यसरी राखिएका मानकमा प्रतिव्यक्ति आय, मानव विकासको सूचकाङ्क र आर्थिक तथा वातावरणीय नाजुकता पर्दछन् । नेपालले सन् २०१५, २०१८ र २०२१ मा गरिएको मूल्याङ्कनमा प्रतिव्यक्ति आयको आधार पूरा नगरी अरू दुई आधार पूरा गरेको कारण २०२१ मै स्तरोन्नति हुने अवस्था रहेको भए तापनि कोभिड-१९ बाट अर्थतन्त्रमा परेको नकारात्मक प्रभावलाई ध्यानमा राखी पाँच वर्षको सङ्क्रमण अवधि सहित सन् २०२६ मा स्तरोन्नति हुने मिति तोकिएको थियो। यस अनुसार नेपाल अबको एक वर्षमा अर्थात् नोभेम्बर २०२६ मा स्तरोन्नति भई विकासोन्मुख मुलुकको सूचीमा समावेश हुने कार्यतालिका रहेको छ । कम विकसित अवस्थाबाट स्तरोन्नति हुँदा मुलुकको बाह्य छवि असल देखिने, विदेशी लगानी बढ्ने र अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट व्यावसायिक प्रकृतिका ऋण प्राप्त गर्न सहज हुने जस्ता विषयलाई फाइदाको रूपमा उल्लेख गर्ने गरिन्छ । तर कम विकसित मुलुकको हैसियतमा अन्तर्राष्ट्रिय व्यापारमा बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय सम्झौता अन्तर्गत पाइआएका सुविधाको अन्त्य र वैदेशिक प्राविधिक तथा वित्तीय सहायताको कटौती सिधा असर पर्ने क्षेत्र हुन् । यस बाहेक सीमित स्रोत, साधनका बाबजुद व्यापार, लगानी र वित्तीय साधनका लागि अन्य विकासशील मुलुकसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । विकासोन्मुख मुलुकको स्तरमा उक्लँदा अन्तर्राष्ट्रिय जगतमा छवि राम्रो देखिने र अन्य मुलुकको विश्वास आर्जन हुने कुरा भावनात्मक हो, त्यो अमूर्त कुरा भयो । तर वैदेशिक सहायतामा सङ्कुचन र व्यापार सुविधामा कटौती हुने कुरा प्रत्यक्ष रूपमा नोक्सानी हुने अर्थमा बुझ्न सकिन्छ ।

**स्तरोन्नति पछिका चुनौती :** आर्थिक स्तरका हिसाबले पनि दक्षिण एशियाली मुलुकहरूमा अफगानिस्तानलाई छाडेर बाँकी मुलुकको तुलनामा नेपाल सबैभन्दा पछाडि रहेको छ । स्तरोन्नतिको लागि आवश्यक पर्ने प्रतिव्यक्ति आयको निर्धारित सीमा पनि विगतमा भेट्टाउन नसकेको अवस्थामा मुलुकले राजनीतिक अस्थिरता र हालैको जेनजी आन्दोलनको कारण ठूलो परिमाणको आर्थिक क्षति व्यहोर्नु परेको छ । सरकारको तर्फबाट ठूलो धनराशि पुनर्निर्माण र पुनर्स्थापनमा खर्च गर्नुपर्ने स्थिति छ भने, राजनीतिक अस्थिरताको कारण निजी क्षेत्रको लगानी पनि विकर्षित हुने खतरा देखिंदैछ । उत्पादनशील क्षेत्रमा सरकारी लगानी र निजी क्षेत्रको लगानी नबढ्ने अवस्थामा स्तरोन्नतिले आर्थिक समृद्धितर्फ डोर्‍याउला भन्ने विश्वासिलो आधार देखिंदैन । विकासोन्मुख मुलुकको वर्गीकरणभित्र धेरै मुलुक समेटिएका छन् । यसमा मलेशिया, इन्डोनेशिया, ब्राजिल, चीन र भारत जस्ता ठूला अर्थतन्त्र भएका मुलुकहरू पनि पर्दछन् । सम्पूर्ण विकासोन्मुख मुलुकहरूको सरदर प्रतिव्यक्ति आय ९,३०० अमेरिकी डलर रहेको छ भने त्यसको तुलनामा नेपालको प्रतिव्यक्ति आय साढे सात भागले सानो छ । यति ठूलो विभेदका बीच प्रतिस्पर्धामा खरो उत्रने र आफ्नो सामर्थ्य देखाउने कुरा मुलुकको लागि निकै चुनौतीपूर्ण छ । विश्व व्यापार सङ्गठन र साफ्टाका सम्झौताहरूले कम विकसित मुलुकहरूका लागि विशेष र फरक व्यवहारको प्रबन्ध गरेका छन् । यसमा व्यापार नियम कार्यान्वयनका लागि समयको लचकता, विकसित र विकासोन्मुख मुलुकहरूबाट व्यापार क्षमता वृद्धिका लागि प्राविधिक सहयोग, कृषि तथा निर्यात अनुदानको अनुमति, बौद्धिक सम्पत्ति माथिको अधिकार सम्बन्धी नियम कार्यान्वयन गर्न अतिरिक्त समयको प्रबन्ध जस्ता विषयले कम विकसित मुलुकलाई विश्व व्यापार प्रणालीमा समाहित हुन सहजता प्रदान गरेको छ। यो सहजतालाई गुमाएर व्यापार गर्नका लागि मुलुकको उत्पादन र प्रतिस्पर्धी क्षमता बढाउने बाहेक अरू विकल्प देखिदैन । वस्तुको निर्यात व्यापारलाई सहज तुल्याउनका लागि कम विकसित मुलुकमा उत्पादित वस्तुका लागि खुकुलो प्रकारको उत्पत्तिको नियम व्यवस्था गरिएको छ । साफ्टा अन्तर्गत निकासी हुने वस्तुको लागि मूल्य अभिवृद्धि ३० प्रतिशत भए पुग्नेमा विकासोन्मुख स्तरमा उक्लिएपछि मूल्य अभिवृद्धि पनि ४० प्रतिशत पुर्‍याउनै पर्ने हुन्छ । यसैगरी युरोपियन मुलुक र बेलायत लगायत मुलुकमा हाल पाइरहेको सामान्य ग्राह्यता प्रणाली (जीएसपी) अन्तर्गतको सुविधाको बदलामा बजार प्रवेशको शर्तहरू झनै कसिलो र कठिन हुने भएकोले उक्त बजारहरूमा नेपालको निर्यात ४.३ प्रतिशतले घट्न जाने अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आईटीसी) को अनुमान छ । मुलुकको बदलिंदो आर्थिक परिदृश्यमा यो निर्यातमा हुने ह्रासको दर अझ बढ्ने अनुमान गर्न सकिन्छ । औद्योगिक उत्पादनको बढ्दो लागतलाई सीमित मात्रामा भने पनि सरकारी सहयोगबाट कम गर्ने उद्देश्यका साथ झन्डै डेढ दशक अगाडि शुरु गरिएको निर्यातमा नगद अनुदान कार्यक्रमलाई स्तरोन्नति भएकै मितिबाट रोक्नुपर्ने हुन्छ । यसबाट उद्योगले पाइरहेको सुविधा हट्न गई नेपाली उद्योगको प्रतिस्पर्धात्मक क्षमता अझ कमजोर बन्न जानेछ । आम रोजगारी बढाउन उत्पादनशील क्षेत्रमा लगानी बढाउन आवश्यक हुन्छ। मुलुकमा थप लगानी भित्र्याउन उचित वातावरण बन्नुपर्‍यो । भइरहेका लगानी पनि विस्थापित हुने वर्तमान अवस्थामा रोजगारीका अवसर सिर्जना गर्ने कुरा स्वैरकल्पना बाहेक केही हुन सक्दैन । नेपालले कम विकसित अवस्थाबाट स्तरोन्नति हुने क्रममा यसको असर, चुनौती र परिणाम बारे विभिन्न संस्थाबाट अध्ययन, अनुसन्धान भएका छन् । यसमध्येको पछिल्लो अध्ययन राष्ट्रिय योजना आयोगबाट भएको छ । सहज सङ्क्रमण रणनीति नाम दिइएको यस प्रतिवेदनले ६ वटा रणनीतिक स्तम्भ, ३९ वटा कार्यगत रणनीति, र १६७ वटा कार्य वा गतिविधि पहिचान गरेको छ । सङ्क्रमणको व्यवस्थापन गर्ने सिलसिलामा प्रस्तुत गतिविधि महत्त्वपूर्ण हुने भए तापनि हालसम्मको कार्यान्वयनको प्रगति हेर्दा धेरै सुस्त र गतिहीन लाग्दछ । उदाहरणका लागि स्थानीय अर्थ व्यवस्थामा सुधार ल्याउनका लागि कम विकसित मुलुकको लागि उपलब्ध हुनसक्ने विश्व व्यापार सङ्गठन र संयुक्त राष्ट्र पूँजी विकास कोष जस्ता अन्तर्राष्ट्रिय कोषको उपयोग गर्न दुई वर्षभित्र आयोजना प्रस्ताव तर्जुमा गरी पेश गर्ने भनिए तापनि सो बमोजिम काम भएको बुझिंदैन । संवेदनशील विषयहरूलाई नजरअन्दाज गरी मुलुकको बाह्य छवि उज्यालिन्छ भन्ने नाउँमा आन्तरिक तयारीको पक्षलाई थाती राखी स्तरोन्नतिमा जाने कुरा उपयुक्त देखिंदैन । गाउँघरमा प्रचलित 'छिमेकीले घोडा चढे, मैले पनि धुरी चढें' भन्ने उखान चरितार्थ गर्नेतिर नलाग्नु नै श्रेयस्कर हुनेछ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समय लागे पनि सोचेका कार्य बन्नेछन्। व्यक्तित्वमा निखार आउनेछ। | **तुला** : चिताएको काममा बाधा आउन सक्छ। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। |
| **वृष** : शुभचिन्तकहरूको साथ मिल्नेछ। व्यापारमा आम्दानी बढाउन सकिनेछ। | **बृश्चिक** : पैसाअरूको लागि खर्च गर्नुपर्ला। व्यवहारमा संयमता राख्नुहोस्। |
| **मिथुन** : स्वास्थ्य सम्बन्धी चिन्ताले सताउनेछ। अरुको भरपर्दा दु:ख पाइनेछ। | **धनु** : भावना बुझेर अगाडि बढ्नुहोस्। कार्यक्षेत्रमा प्रगतिको मार्ग प्रशस्त हुनेछ। |
| **कर्कट** : आफूभन्दा सानाप्रति आत्मीयता बढ्नेछ। आत्मबलमा वृद्धि हुनेछ। | **मकर**: पहिलाको सफलताले थप हौसला जगाउनेछ। धर्म कर्मप्रति रुचि बढ्नेछ। |
| **सिंह**: अरुको साथ मिल्नाले सफलता प्राप्त हुनेछ। मिठो बोलिको सबैले प्रशंसा गर्नेछन्। | **कुम्भ** : प्रतिफल प्राप्त हुनेछ । शत्रुपक्ष सक्रिय रहनेछन् सचेत रहनुहोस्। |
| **कन्या** : अध्ययनमा राम्रो प्रगति हुनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। | **मिन** : कार्यक्षेत्रमा नयाँ अवसर हात लाग्नेछ। नबुझी बोल्ने बानीले समस्या निम्ताउला। |

## विज्ञान/सूचना प्रविधि

# पब्लिक वाईफाई चलाउने कि नचलाउने ?



गुगलले हालै एन्ड्रोइड प्रयोगकर्तालाई सार्वजनिक वाईफाईबाट टाढा रहन सल्लाह दिएको थियो । कम्पनीको चेतावनी अनुसार, यी नेटवर्क प्राय: अनइन्क्रिप्टेड हुन्छन्, जसले गर्दा साइबर अपराधीहरूलाई बैंक विवरण, पासवर्ड वा व्यक्तिगत जानकारी चोर्न सजिलो हुन्छ । गुगलले सार्वजनिक वाईफाई प्रयोग सकेसम्म कम गर्न भनेको छ । यी वाईफाईले ट्रोजन हर्सको रूपमा काम गर्न सक्ने भनिएको छ । यसको अर्थ ह्याकरहरूले तपाईंको उपकरणमा ब्याकडोर एक्सेस पाउन सक्छन् । गुगलले ३ अर्ब स्मार्टफोन प्रयोगकर्तालाई आफ्नो फोनका सेटिङहरू परिवर्तन गर्न पनि सल्लाह दिएको छ । सबैभन्दा महत्त्वपूर्ण परिवर्तन भनेको वाईफाईमा स्वत: जोडिनु बन्द गर्नु हो । यो चेतावनी गुगल सुरक्षा केन्द्र र एन्ड्रोइड अपडेटहरू मार्फत जारी गरिएको छ । यस्ता छन् सार्वजनिक वाईफाई प्रयोग गर्दाका खतरा क्याफे, विमानस्थल वा होटल जस्ता स्थानमा उपलब्ध नि:शुल्क सार्वजनिक वाईफाई झट्ट हेर्दा सुविधाजनक लाग्न सक्छ । तर यसले धेरै सुरक्षा जोखिमहरू निम्त्याउन सक्छ । ह्याकरहरूले तपाईंको जानकारी चोर्न यी नेटवर्कहरूको शोषण गर्न सक्छन् ।

**१. डेटामा अवरोध र चोरी**

तपाईंले इन्टरनेट मार्फत जब केही पठाउनुहुन्छ वा प्राप्त गर्नुहुन्छ, जस्तै: लग इन गर्ने, इमेल पठाउने, वा अनलाइन भुक्तानी गर्ने, त्यो डेटा नेटवर्कमार्फत यात्रा गर्दछ । यदि यो डेटा इन्क्रिप्ट गरिएको छैन भने ह्याकरहरूले यसमा अवरोध गर्न सक्छन् । कल्पना गर्नुहोस् तपाईंले कुनै क्याफेको नि:शुल्क वाईफाईमार्फत आफ्नो बैंक खातामा लग इन गर्नभयो । तर त्यो वाईफाई सुरक्षित छैन भने ह्याकरले त्यहीं नेटवर्कबाट तपाईंको प्रयोगकर्ता नाम, पासवर्ड, वा बैंक विवरणहरूमा पहुँच पाउन सक्छन् अनि ह्याकरहरूले तपाईंको खातामा भएको पैसा सबै चोर्न सक्छन् ।

**२. म्यान-इन-द-मिडल आक्रमण**

यस आक्रमणमा, ह्याकरले आफूलाई तपाईं र वेबसाइटको बीचमा राख्छन् । तपाईंलाई लाग्छ कि तपाईं वेबसाइटसँग सिधै जोडिनु भएको छ । तर वास्तविकतामा ह्याकरले पहिले तपाईंको सबै जानकारी लिन्छन् । उदाहरणका लागि, तपाईं एमाजन डटकम वा यस्तै कुनै साइटमा जानुभयो । तर ह्याकरले तपाईंलाई यस्तै जस्तो लाग्ने तर नक्कली वेबसाइटमा रिडिरेक्ट गर्छन् । तपाईंले जब लग इन गर्नुहुन्छ, र तपाईंको पासवर्ड ह्याकरलाई पठाइन्छ । यसले तपाईंको खाता वा कार्ड विवरणहरू चोरी गर्न सक्छ ।

**३. मालवेयर संक्रमण**

असुरक्षित नेटवर्क वा वेबसाइटबाट फाइल डाउनलोड गर्दा तपाईंको उपकरणमा भाइरस वा हानिकारक सफ्टवेयर प्रवेश गर्न सक्छन् । यसले तपाईंको प्रणालीलाई क्षति पुर्‍याउन सक्छ वा तपाईंको व्यक्तिगत जानकारी चोर्न सक्छ । उदाहरणका लागि, तपाईं नि:शुल्क चलचित्र डाउनलोड गर्न कुनै वेबसाइटमा जानुहुन्छ । साइटले नक्कली डाउनलोड बटन देखाउँछ । यसलाई क्लिक गर्दा, तपाईंको ल्यापटपमा भाइरस इन्जेक्ट हुन्छ । फलस्वरूप, तपाईंको उपकरण स्लो हुन्छ वा तपाईंको डेटा लक हुन्छ, र ह्याकरले यो लक खोल्न फिरौती पैसा माग्न सक्छन् ।

**४. पहिचान चोरी**

जब कसैले तपाईंको व्यक्तिगत जानकारी, जस्तै तपाईंको नाम, ठेगाना, प्यान कार्ड, बैंक विवरणहरू, आदि चोर्छ र यसको दुरुपयोग गर्छ, यसलाई पहिचान चोरी भनिन्छ । उदाहरणका लागि कुनै वेबसाइटबाट तपाईंको केवाईसी चुहियो भने ह्याकरले यसलाई नयाँ बैंक खाता खोल्न वा तपाईंको नाममा ऋण लिन प्रयोग गर्न सक्छ । ह्याकरले तपाईंको नाममा ऋण लियो भने तपाईं के गर्नुहुन्छ ?

**५. नक्कली वाईफाई हटस्पट**

**ह्याकरहरूले प्राय :** वास्तविक नामसँग मिल्दोजुल्दो नक्कली वाईफाई नेटवर्क बनाएका हुन्छन् । मानिसहरू गल्तिले यसमा जोडिन्छन् अनि तिनीहरूको सबै डेटा ह्याकरहरूको हातमा पुग्छ । उदाहरणका लागि, कल्पना गर्नुहोस् कि तपाईं विमानस्थलमा हुनुहुन्छ र एयरपोर्टको फ्री वाईफाईको नेटवर्क देख्नुभयो । तर यो नेटवर्क वास्तवमा एयरपोर्टको नभएर ह्याकरहरूको हुनसक्छ । तपाईंले गल्तिले फोनमा नक्कली वाईफाइ जोड्नुभयो । यस्तो अवस्थामा, तपाईंको पासवर्ड, ओटीपी र बैंक विवरणहरू चोरी हुन सक्छ । तपाईंले संवेदनशील कार्यहरू (जस्तै: अनलाइन बैंकिङ) गर्नुभयो भने यो जोखिम अझ बढ्छ ।

सार्वजनिक वाईफाई चलाउर्ने बाध्यतामा के गर्ने ? केहीगरी तपाईंले सार्वजनिक वाईफाई प्रयोग गर्नैपर्ने भयो भने यी सावधानीहरू अपनाएर जोखिम कम गर्न सक्नुहुन्छ ।

**१. भीपीएनको प्रयोग**

सधैं विश्वसनीय भर्चुअल निजी नेटवर्क (भीपीएन)को मात्रै प्रयोग गर्नुहोस् । यसले तपाईंको इन्टरनेट कनेक्सनलाई इन्क्रिप्ट गर्छ र ह्याकरहरूलाई तपाईंको डेटा पढ्नबाट रोक्छ । तपाईंले नि:शुल्क भीपीएनहरूबाट बच्नुपर्छ र नर्डभीपीएन वा एक्सप्रेसभीपीएनजस्ता सशुल्क भीपीएनको प्रयोग गर्नुपर्छ ।

**२. एचटीटीपीएस वेबसाइट मात्रै खोल्ने**

तपाईंको ब्राउजरमा यूआरएलहरू हेर्दा, वेबसाइट एचटीटीपी बाट सुरु हुन्छ र यसको छेउमा लकको निशान छ भन्ने सुनिश्चित गर्नुहोस् । एचटीटीपी मात्रै भएका साइटहरूबाट बच्नुहोस्, किनकि तिनीहरू एन्क्रिप्टेड हुँदैनन् र डेटा चुहावटको जोखिम हुन्छ ।

**३. संवेदनशील काम नगर्ने**

सार्वजनिक वाईफाईबाट बैंकिङ कारोबार, अनलाइन किनमेल, वा आफ्नो कुनै खातामा लग इन गर्ने काम नगर्नुहोस् । यस्ता काम सधैं आफ्नो मोबाइल डेटा वा व्यक्तिगत नेटवर्कमा मात्रै गर्नुहोस् ।

**४. बहुकारक प्रमाणीकरण अन गर्ने**

आफ्ना सबै अनलाइन खातामा टू फ्याक्टर अथेन्टिकेशन इनेबल गरेर राख्नुहोस् । यसो गर्दा यी खाताका पासवर्ड चोरी नै भयो भने पनि ह्याकरहरूले तपाईंको खाता पहुँच पाउँदैनन् ।

**५. उपकरण सेटिङहरू सच्याउने**

स्वचालित रूपमा जडान हुने वाईफाई फिचर मोबाइल बन्द गरेर राख्नुहोस् । फाइल सेयरिङ र ब्लुटुथ पनि बन्दै गरेर राख्नुहोस् । आफ्नो फायरवाल र एन्टिभाइरस सफ्टवेयर अपडेट गरिराख्नुहोस् ।

**६. नेटवर्कको जाँच गर्ने**

कुनै पनि नेटवर्कमा जोडिनुअघि सो नेटवर्क सक्कली नै हो भन्ने सुनिश्चित गर्नुहोस् । आवश्यक छ भने कर्मचारी वा एड्मिनलाई नेटवर्कको नाम सोध्नुहोस् । सधैं पासवर्ड-सुरक्षित नेटवर्कहरूलाई मात्रै प्राथमिकता दिनुहोस् ।

**७. ब्राउजर एक्सटेन्सनहरूको प्रयोग गर्ने**

एचटीटीपीएस एभ्रीह्वेर जस्तो एक्सटेन्सन इन्स्टल गर्नुहोस् । यसले स्वचालित रूपमा सुरक्षित (एचटीटीपीएस) मोडमा वेबसाइटहरू खोल्छ ।

***-रातोपाटी डटकम***

# कम्प्युटरलाई रोबोट बनाउने तयारीमा च्याट जिपिटी



च्याट जिपिटी निर्माता कम्पनी ओपनएआईले हालै आफ्नो पहिलो 'एजेन्टिक एआई' ब्राउजर एटलस सार्वजनिक गरेपछि प्रविधि बजारमा ठूलो हलचल मच्चियो । उक्त घोषणासँगै गुगल कम्पनीको शेयरमा तीव्र गिरावट आयो र गुगलको बजार मूल्य करिब १५० अर्ब अमेरिकी डलरले घट्नपुग्यो । सबैको ध्यान तानेको यो विषय केवल एउटा नयाँ ब्राउजरको कुरा मात्र होइन, यो भविष्यको कम्प्युटिङ मोडेल परिवर्तन गर्ने ठूलो कदम हो । ओपनएआई अहिले त्यस्तो बजार कब्जा गर्न खोज्दैछ, जुन वास्तवमा वर्तमानमा अस्तित्वमै आइसकेको छैन । त्यो हो, 'एजेन्टिक एआई'। यस प्रविधिको मुख्य अवधारणा यो हो कि यसमा कम्प्युटरले तपाईंको आदेश सुनेर आफै काम गर्नेछ । प्रयोगकर्ताले केवल आफूले के गर्न चाहेको हो भन्ने कुरा बताउनुपर्नेछ र बाँकी सम्पूर्ण प्रक्रिया प्रणालीले स्वत: पूरा गर्नेछ । ओपनएआईका प्रमुख साम अल्टम्यानले यो प्रविधिलाई आगामी केही वर्षभित्र विश्वव्यापी रूपमा विस्तार गर्ने लक्ष्य लिएका छन्, जसले गुगलजस्ता ठूला कम्पनीहरूलाई पुन: पछाडि पार्न सक्छ । एटलस ब्राउजरमा गुगल क्रोममा उपल्बध रहेका सबै आधुनिक सुविधा छन् । तर, यसको मूख्य विशेषता भनेको यसमा रहेको एआई असिस्टेन्ट हो । प्रयोगकर्ताले कुनै पनि कमान्ड दिएपछि यो ब्राउजर आफैंले इमेल लेख्नेदेखि रिपोर्ट तयार पार्नेसम्मका सबै कार्यलाई सम्पन्न गर्छ । यस कारण यो ब्राउजर गुगल क्रोमका लागि ठूलो चुनौती बन्ने पक्का छ । त्यसैगरी एटलस सार्वजनिक भएलगत्तै ओपनएआईले अर्को ठूलो घोषणा पनि गर्‍यो । उसले एप्पलको शर्टकट तयार पार्ने टिमलाई अधिग्रहण गरेको छ। यो टिमले पहिले वर्कूलो एप बनाएको थियो, जुन पछि एप्पलले खरिद गरेर Short( अगत को रूपमा विकसित गरेको थियो । अहिले सोही अनुभवी टिम ओपनएआईमा सामेल भएको छ र उनीहरूले स्काई एआई नामक परियोजनामा काम गरिरहेका छन्। स्काई वास्तवमा म्याकबुकका लागि बनाइएको एआई प्रणाली हो, जसले प्रयोगकर्ताको आदेशअनुसार स्वत: कुनैपनि टास्क पूरा गर्छ । जसमा कोड लेख्नेदेखि फाइल व्यवस्थापन गर्ने वा योजना बनाउने लगायतका छन् । यसरी हेर्दा स्काई वास्तवमा म्याकबुकका लागि च्याट जिपिटीजस्तै रैथाने एआई असिस्टेन्ट' बन्ने दिशामा अघि बढिरहेको छ । ओपनएआईले अहिले पुरानो कम्प्युटिङ मोडेललाई प्रतिस्थापन गर्ने प्रयास गरिरहेको छ । विगत तीन दशकदेखि मानिस र कम्प्युटरबीचको सम्बन्ध स्थिर थियो । जसमा मानिसले क्लिक र टाइप गर्थ्यो र कम्प्युटरले प्रतिक्रिया दिन्थ्यो । तर अब यो मोडेल परिवर्तन हुँदैछ । भविष्यमा प्रयोगकर्ताले केवल आफ्नो आवश्यकता बताउनेछ र कम्प्युटरले त्यसका लागि सबै काम आफैं गर्नेछ । यसले समय, ध्यान र अनावश्यक नेभिगेशनको झन्झट घटाउनेछ । स्काई टिम ओपनएआईसँग जोडिएपछि अब च्याट जिपिटी जस्ता प्लाटफर्महरु केवल संवाद गर्ने बोट मात्रै होइन, पूरै कम्प्युटर एजेन्ट बन्नेछन् । ओपनएआईको उद्देश्य एआईलाई अपरेटिङ सिस्टम, एप्स, ब्राउजर र फाइलहरूमा गहन रुपमा एकीकृत गर्नु हो, जसले गर्दा प्रयोगकर्ताले बोलेर वा लेखेर कुनै पनि कार्य गराउन सक्नेछ । गुगलका लागि वास्तवमा यो अवस्था चुनौतीपूर्ण बन्न थालेको छ । एआई प्रतिस्पर्धामा केही समयका लागि पछि परेको गुगल अहिले तीव्र गतिमा पुन: अग्रता लिने प्रयासमा छ । हालै पर्प्लेक्सिटीले कोमेट एजेन्टिक ब्राउजर ल्याएपछि गुगलले पनि क्रोममा एआई असिस्टेन्ट थपेको थियो । तर अब ओपनएआईको एटलास बजारमा आएसँगै गुगलको हिस्सा घट्ने सम्भावना बढेको छ । माइक्रोसफ्टले पनि एजेन्टिक एआई ब्राउजर सार्वजनिक गरेको छ र उसले ओपनएआईमा ठूलो लगानी गरेको भएकाले यो प्रतिस्पर्धा अब थप चर्किने निश्चित देखिन्छ । केही वर्षअघिसम्म इन्टरनेटमा गुगल सर्चलाई टक्कर दिने कुनै विकल्प नभएको देखिन्थ्यो । तर अब परिस्थिति बदलिसकेको छ । गुगल सर्चको ट्राफिक निरन्तर घट्दै गएको छ र कम्पनीले आफ्नो बजार हिस्सेदारी जोगाउन संघर्ष गरिरहेको छ । ***-अनलाइन खबर डटकम***

# यूट्यूव बन्यो भक्तबहादुरको सहारा



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका वडा नं ७ का भक्तबहादुर महरा दुई दशक अघिसम्म फर्निचरको काम गर्दथे । उक्त कामबाट परिवारको जोहो गर्न मुस्किल पर्न थालेपछि त्यसको विकल्पको खोजी गरे । एक दिन उनका साथीले काष्ठकलाका सामग्री बनाउने भिडियो उनको मोबाइलमा पठाए । "इन्टरनेटमा भिडियो देखेपछि मलाई काष्ठकलाका सामग्री बनाउने इच्छा लाग्यो र यसमै लागेँ", महराले भने, "हाउस डेकोरेसनको काम गर्दा कहिले काम पाइन्थ्यो, कहिले पाइँदैनथ्यो घर खर्च चलाउनै समस्या हुन्थ्यो, अहिले मजदुरीभन्दा यसमा फाइदा छ ।" उनले दुई वर्षअघिदेखि विजयसालको काठ र बाँसबाट गिलास, जग, बोतल, अम्खोरा, कचौरा, फूलदानी, मसलादानी, बेलनालगायत सामग्री बनाउने गरेको बताए । उत्पादन गरिएका काष्ठ र बाँसका सामग्री रु पाँच सयदेखि रु दुई हजारसम्ममा बिक्री हुने गरेका छन् । युट्युबकै सहायताबाट अहिले उनले काठका भाँडाकुँडा तयार पार्दै आएका छन् । "अहिले मासिक रु ४० हजारभन्दा बढी आम्दानी हुन्छ, पहिला महिनौँसम्म खाली बस्नुपर्थ्यो", महराले भने, "यसरी राम्रो आम्दानी गर्न सकिएला भन्ने साचेकै थिइनँ ।" अहिले उनले उत्पादन गरेका सामग्री खरिद गर्न घरमै पुग्छन् । उनले उत्पादन गरेका सामग्री बिक्री गर्न समस्या नरहेको बताए । "माग त धेरै आउँछ, मागअनुसार मैले उत्पादन गर्न सकेको छैन एक्लै छु", उनले भने, "यहाँका सामुदायिक वनले राम्रो गरेका छौं भनेर कच्चा पदार्थ दिने गरेका छन् ।" पछिल्लो समय यूट्यूवलगायत विभिन्न सामाजिक सञ्जालमा मानिस लामो समय बिताउने गरेका छन् । तर यी सञ्जालहरूको सदुपयोग गर्न जानेमा धेरै लाभ लिन सकिन्छ भन्ने महरा एक उदाहरणीय पात्र बनेका छन्। उनले पारिवारिक समस्याका कारण ज्याला मजदुरी गर्दागर्दै यहाँसम्म पुगेको महराको भनाइ छ । "आर्थिक अभावले छिटो पैसा कमाउने भन्ने सोच थियो । यसमा मलाई यति राम्रो आम्दानी होला भन्ने कल्पना गरेको थिइनँ", महराले भने, "अहिले सन्तुष्ट छु राम्रै कमाइ भइरहेको छ ।" उनले स्वदेशमै लगनशील भएर आफ्नो सीपको सदुपयोग गरे यहाँ मनग्य आम्दानी गर्न सकिने बताए ।

***-रासस***



तानसेन नगरपालिका -५ कैलाशनगरस्थित श्रीनगर डवली पसिर र सडकबाट फोहोर संकलन गर्दै तानसेनका युवाहरु । हरेक हप्ताको शनिबार यहाँका युवाहरुले सरसफाई गर्दै आएका छन् । तानसेनलाई स्वच्छ, सफा राख्ने उद्देश्यले हरेक हप्ता सरसफाई गर्दै आएका हुन् ।

*तस्वीर : रामचन्द्र रायमाझी/एनजेडी*

# लुम्बिनीमा सभामुख...

...केन्द्रीय अर्थ मन्त्रालयले फजुल खर्च रोक्न आवश्यकता भन्दा बढी विज्ञ, सल्लाहकार र संयोजक नराख्ने निर्णय गरेको थियो । प्रदेशमा पनि मुख्यमन्त्री सचिवालयमा विज्ञ र सल्लाहकारको जम्बो टोली बनाइएको भन्दै आलोचना भइरहेको थियो । जेन-जी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई ३ जनाभन्दा बढी सचिवालय नराख्न भन्दै पत्राचार समेत गरेको थियो । तर, पत्रमा प्रदेशका सभामुख र उपसभामुखको विषयमा कुनै उल्लेख थिएन । तर, संघीय सरकारबाट कुनै पत्राचार नभएपछि सभामुख घर्तीले सोमबारदेखि लागू हुने गरी ५ सदस्यीय सचिवालय हटाएका हुन् ।

# पाल्पामा कोदो...

...यहाँको दुई वर्षको तथ्याङ्क हेर्ने हो भने पनि कोदो खेती गर्ने क्षेत्रफल घट्दै गएको पाइन्छ । यहाँ आर्थिक वर्ष २०८०/०८१ मा २ हजार ३ सय ६३ हेक्टर क्षेत्रफलमा कोदो खेती भएको थियो । जुन आर्थिक वर्ष २०८१/०८२ मा आएर २ हजार ३ सय ४९ हेक्टर क्षेत्रफलमा झरेको कृषि ज्ञान केन्द्र पाल्पाका प्राविधिक सुरज पाण्डेयले बताए । उनका अनुसार कृषकहरु सुन्तला जातका फलफूलतर्फ आकर्षित हुँदै गएपछि कोदो खेती हुने क्षेत्रफल घट्दै गएको हो ।

कोदो हुने बारीमा अहिले फलफूल लगाउने गरिएको छ । परम्परागत शैलीमा स्थानीय जातको विउ प्रयोग गरी मकैमा घुसुवा बालीका रुपमा लगाइने कोदो प्राय: जसो जिल्लाका सबै गाउँ वस्तीमा हुन्थ्यो तर आजभोली सबै हराए । कोदो हराउँदै गए पनि माग भने बढ्दो रहेको छ । पछिल्लो केही वर्षयता यहाँका होटलहरुमा कोदोका परिकारको माग बढेको तानसेन कैलाशनगरका होटल व्यवसायी दीपक अधिकारीले बताए । कोदोको ढिँडोसँगै, भाँगो, टिमुर र स्थानीय उत्पादनको परिकार पाहुनाले माग गर्न थालेको उनको भनाइ छ । माग बढेसँगै गाउँबाट कोदोको पीठो मगाएर पाहुनालाई ढिँडो खुवाउने गरेको कार्कीले बताए । बजारमा सहजरुपमा कोदोको पीठो पाउन गाह्रो हुने उनको भनाइ छ ।

# व्यावसायिक मौरीपालन...

...एक किलोलाई पाँच सयका दरले बिक्री गर्दै आएको उनले बताए । उनीजस्तै उमेरले ६० वर्ष पुगेका दीपकुमार मगरको दैनिकी पनि विगत दुई दशकदेखि मौरीपालन र मौरीको हेरचाहमै बित्ने गरेको छ । जसबाट आम्दानी पनि राम्रो हुँदै गएको उनी बताउन्छन् । जिल्लाको घोराही उपमहानगरपालिका-१३ तुरुन्तपुर निवासी मगर विगत २६ वर्षदेखि यही व्यवसायमै छन् । मौरीले राम्रै आम्दानी दिँदै आएकाले मौरीपालन व्यवसायमा उत्साह बढ्दै गएको मगरले बताए । मैले व्यावसायिक रूपमा मौरीपालन गर्न थालेको २६ वर्ष भयो । लामो समय भइसक्यो मौरीपालन गर्न थालेको आम्दानी पनि राम्रो भइरहको छ । यसमा घरपरिवारको पनि सहयोग छ । उनले मौरीपालन पूर्वाधार सामग्री उत्पादनमार्फत पनि व्यवसायका लागि आवश्यक सामग्री उत्पादन गरी छिमेकी जिल्ला रोल्पा, सल्यान, प्युठानलगायतका जिल्लामा समेत आधुनिक प्रकारका सामग्री पठाउने गर्छन् । मगरको मौरी फार्ममा दुई सय घार क्षमताको भए पनि हाल भने एक सय मौरीसहितका घार छन् । उनले वर्षमा ३५ क्विन्टल मह उत्पादन हुँदै आएको बताए । वर्षाको समय र अत्यधिक चिसो हुने समयमा ख्याल गर्ने हो भने मौरीपालनबाट राम्रो प्रतिफल लिन सकिने भन्दै उनले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको बताए । गुणस्तरीय मह भएकाले अधिकांश मह घरबाटै बिक्री हुने गरेको घर्ती बताउन्छन् । यस्तै घोराही उपमहानगरपालिका-१८ गिठेपानी निवासी कृष्णबहादुर डाँगी र जानकी डाँगी दम्पतीले मह बिक्री गरेर मासिक एक लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । विगत डेढ दशकदेखि मौरीपालनमा संलग्न डाँगी दम्पतीले घोराही-१८ गिठेपानीमै एक सय पाँच घार बढी माहुरी पालेर वार्षिक रूपमा करिब १३ लाखसम्म आम्दानी गर्दै आएका हुन । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी तथा कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेका अनुसार जिल्लामा व्यावसायिक मौरीपालन गर्ने किसानको संख्या पाँच सय बढी छ । ***---रासस***

## खेलकुद समाचार

### दक्षिण अफ्रिकाले भारतमा टेस्ट क्रिकेट जित्यो



**काठमाडौं,** मंसिर १/पहिलो टेस्ट क्रिकेटमा दक्षिण अफ्रिकाले घरेलु टोली भारतलाई ३० रनले हराएको छ । टेस्ट क्रिकेटमा दक्षिण अफ्रिकाले १५ वर्षमा पहिलो पटक भारतलाई उसकै घरमा हराएको हो । यसअघि सन् २०१० मा दक्षिण अफ्रिकाले भारतलाई उसकै घरमा हराएको थियो । दक्षिण अफ्रिकाले दिएको १ सय २४ रनको लक्ष्य पछ्याएको भारत खेलको तेस्रो दिनको चिया समयअघि ९३ रन बनाउँदा अलआउट भयो । भारतका वाशिङ्गटन सुन्दरले सबैभन्दा धेरै ३१ रन बनाए । दक्षिण अफ्रिकाका साइमन हार्मरले ४ विकेट लिए । दोस्रो पारीमा दक्षिण अफ्रिकाले १ सय ५३ रन बनाएको थियो । दक्षिण अफ्रिकाका कप्तान तेम्बा बभुमाले नटआउट ५५ रन बनाए । भारतका रविन्द्र जडेजाले ४ विकेट लिए । यसअघि कोलकाताको इडेन गार्डेन्समा टस जितेर ब्याटिङ गरेको दक्षिण अफ्रिकाले पहिलो पारीमा १ सय ५९ रन बनाएको थियो । दक्षिण अफ्रिकाका एडन मार्करमले सबैभन्दा धेरै ३१ रन बनाए । भारतका जसप्रीत बुमराहले ५ विकेट लिए । भारतले पहिलो पारीमा १ सय ८९ रन बनाएको थियो । भारतका केएल राहुलले सबैभन्दा धेरै ३९ रन बनाए । दक्षिण अफ्रिकाका साइमन हार्मरले ४ विकेट लिए । योसँगै २ खेलको शृङ्खलामा दक्षिण अफ्रिकाले १-० को अग्रता लिएको छ । शृङ्खलाको दोस्रो खेल नोभेम्बर २२ देखि गुवाहिटीमा शुरू हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्


व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से ९ दशमलव ७८ अंकले बढ्यो



**पाल्पा,** मंसिर १/साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक ९ दशमलव ७८ अंकले बढेको छ । सो अंकको वृद्धिसँगै नेप्से २ हजार ५ सय ५० मा कायम भएको छ । सेन्सेटिभ इण्डेक्स १ दशमलव ४३ अंकले बढेर ४ सय ४० दशमलव ८७ विन्दुमा अडिएको छ । अघिल्लो दिन आइतबार नेप्से परिसूचक ५ दशमलव १५ अंकले घटेको थियो । सो दिन ३ अर्ब ८९ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो ।

नेप्से सामान्य अंकले बढेपनि कारोबार रकम आइतबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३ सय ३५ स्क्रिप्सको ८८ लाख ९३ हजार ७ सय ७८ कित्ता सेयर ३ अर्ब ९४ करोड ६० लाख ७४ हजार ३ सय ५८ रुपैयाँमा खरिदबिक्री भए । चारवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बन्दिपुर केवलकार, सागर डिस्टिलरी, बुंगल हाइड्रो र झापा इनर्जीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । ग्रिन डेभलपमेन्ट बैंकको सेयर ८ दशमलव ८९ प्रतिशतले बढ्यो । भूगोल इनर्जी डेभलपमेन्टका लगानीकर्ताले भने यसदिन सर्वाधिक गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो ।

कारोबारमा आएकामध्ये १६७ स्टक्सको मूल्य बढ्दा ७६ वटाको घट्यो । १३ स्टक्सको मूल्य भने यस दिन स्थिर रह्यो । दुई समूहबाहेक अन्य समूहको उपसूचक सकारात्मक देखिएका छन् । नन लाइफ इन्स्योरेन्स र अदर्श समूहको उपसूचक बाहेक अन्यको उपसूचक सकारात्मक देखिएका हुन् । सो अवधिमा धेरै कारोबार भएका कम्पनीमा साहस ऊर्जा, एनआरएन इन्फ्रास्ट्रक्चर, शिवम् सिमेन्ट, राधि विद्युत् तथा युनियन हाइड्रोपावर क्रमश: अगाडि रहे ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई